विधेयक सङ्ख्या :

# सामाजिक सुरक्षा ऐन, २०७५ लाई

# संशोधन गर्न बनेको विधेयक

सङ्घीय संसद सचिवालय

संसद भवन

सिंहदरवार

## उदेश्य र कारण

सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम विभिन्न वर्गहरुले सामाजिक सुरक्षा भत्ता पाइरहेको वर्तमान अवस्थामा साठी वर्ष मुनिका एकल महिला (विधवा) र अति अशक्त अपाङ्गता भएका व्यक्तिले भने नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट उक्त सामाजिक सुरक्षा भत्ता विगतका वर्षहरुदेखि नै प्राप्त गरिरहेको सन्दर्भमा ऐनमा नै सो सम्बन्धी व्यवस्था गर्नु आवश्यक भएकोले सामाजिक सुरक्षा ऐन, २०७५ मा पहिलो संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद समक्ष प्रस्तुत गर्नु परेको हो ।

........................

**प्रकाश पन्थ**
**सदस्य, राष्ट्रिय सभा**
**सङ्घीय संसद**

## आर्थिक टिप्पणी

प्रस्तुत विधेयक सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम विभिन्न वर्गहरुले सामाजिक सुरक्षा भत्ता पाइरहेको हालको अवस्थामा साठी वर्ष मुनिका एकल महिला (विधवा) र अति अशक्त अपाङ्गता भएका व्यक्तिले भने नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट उक्त सामाजिक सुरक्षा भत्ता केही वर्षहरु अघिदेखि नै प्राप्त गरिरहेका कारण ऐनमा नै व्यवस्था गर्न आवश्यक भएकोले प्रस्ताव गरिएको छ। साठी वर्ष मुनिका एकल (विधवा) महिलाहरु र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट सामाजिक सुरक्षा भत्ता विगतका वर्षहरुदेखि नै प्राप्त गरिरहेको हुँदा सरकारलाई थप आर्थिक दायित्व नपर्ने देखिन्छ।

........................

**प्रकाश पन्थ**
**सदस्य, राष्ट्रिय सभा**
**सङ्घीय संसद**

# सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सामाजिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ७ मा संशोधनः सामाजिक सुरक्षा ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) देहाय बमोजिमका साठी वर्ष उमेर पुगेका असहाय एकल महिलाले सामाजिक सुरक्षा भत्ता पाउनेछः-

(क) सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका,

(ख) विधवा,

(ग) न्यायिक पृथकीकरण गरी बसेका,

(घ) विवाह नगरेका ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ:-

"(३) उपदफा (१) र (२) बमोजिम पाउने सामाजिक सुरक्षा भत्ताको रकम नेपाल सरकारले निर्णय गरे अनुसार वार्षिक बजेटमा प्रस्तुत गरिनेछ ।"

३. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ:-

**"८. अपाङ्गता भत्ताः** पूर्ण र अति अशक्त अपाङ्गता भएको नागरिकले सामाजिक सुरक्षा भत्ता पाउनेछन् । त्यसरी पाउने भत्ताको रकम नेपाल सरकारले निर्णय गरे अनुसार वार्षिक बजेटमा प्रस्तुत गरिनेछ ।

# सामाजिक सुरक्षा ऐन, २०७५ (पहिलो संशोधन) विधेयक, २०७७ को तीनमहले विवरण

| क्र.स. | साविक दफा | साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधनको पुष्टयाईं |
|---|---|---|---|---|
| १. | समाजिक सुरक्षा ऐन, २०७५ को दफा ७ को उपदफा (१) मा संशोधन | देहाय बमोजिमका साठी वर्ष उमेर पुगेका असहाय एकल महिलाले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको असहाय एकल महिला भत्ता पाउनेछ :-<br>(क) सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका,<br>(ख) विधवा,<br>(ग) न्यायिक पृथकीकरण गरी बसेका,<br>(घ) विवाह नगरेका । | २. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ७ मा संशोधनः सामाजिक सुरक्षा ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ७ को,-<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) देहाय बमोजिमका साठी वर्ष उमेर पुगेका असहाय एकल महिलाले सामाजिक सुरक्षा भत्ता पाउनेछः-<br>(क) सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका,<br>(ख) विधवा,<br>(ग) न्यायिक पृथकीकरण गरी बसेका,<br>(घ) विवाह नगरेका ।" | नेपाल सरकारको निर्णयबाट विधवा एकल महिलाहरुले विगत वर्षहरुदेखि नै खाइपाइ आएको सामाजिक सुरक्षा भत्तालाई ऐनमा नै व्यवस्था गर्नु पर्ने भएकोले । |
| २. | समाजिक सुरक्षा ऐन, २०७५ को दफा ७ को उपदफा (२) पछि उपदफा (३) थप | - | (२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-<br>"(३) उपदफा (१) र (२) बमोजिम पाउने सामाजिक सुरक्षा भत्ताको रकम नेपाल सरकारले निर्णय गरे अनुसार वार्षिक बजेटमा प्रस्तुत गरिनेछ ।" | उपदफा (२) पछि उपदफा (३) थप गर्नुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३. | समाजिक सुरक्षा ऐन, २०७५ को दफा ८ मा संशोधन | ८. <u>**अपाङ्गता भत्त**</u> : पूर्ण असक्त अपाङ्गता भएको नागरिकले सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको अपाङ्गता भत्ता पाउनेछन् । | ३. <u>मूल ऐनको दफा ८ मा संशोधन</u>: मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-<br>"८. <u>**अपाङ्गता भत्ता**</u>: पूर्ण र अति अशक्त अपाङ्गता भएको नागरिकले सामाजिक सुरक्षा भत्ता पाउनेछन् । त्यसरी पाउने भत्ताको रकम नेपाल सरकारले निर्णय गरे अनुसार वार्षिक बजेटमा प्रस्तुत गरिनेछ ।" | नेपाल सरकारको निर्णयबाट अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुले विगत वर्षहरु देखि नै खाइपाइ आएको सामाजिक सुरक्षा भत्तालाई ऐनमा नै व्यवस्था गर्नुपर्ने भएकोले । |